

के तपाईको घर पानीले रसाएको छ ?

अब चिन्ता नगर्नुहोस् !

चिन्ताको समाधान Waterproofing ले गर्ने छ । १००% ग्यारेन्टीका साथ समस्याको समाधान ।

सम्पर्क: प्रगति ट्रेड कन्सर्न

रानीपौवा, पोखरा-११ (रञ्जित पार्टी प्यालेसको नजिकै)

०६१-५७८०९९, ९८५६०२२३३३, ९८४६९१४७७३

राष्ट्रिय दैनिक

# पोखरापत्र

Pokharapatra National Daily

रु. १.५ मा कलर भिजिटिङ कार्ड

साथै तुरुन्त क्यालेण्डर पुस्तक, स्मारिका आदि छपाई गर्नु परेमा

सम्पर्क: ०६१-५७०६५१, ९८५६०७५५७५

❑ वर्ष २४ ❑ अङ्क ३४ ❑ श्रेणी क्षेत्रीय 'क' ❑ २०७९ फागुन ५ गते शुक्रबार ❑ 17 Feb. 2023 ❑ पृष्ठ ४ ❑ मूल्य रु. ५।-

## गण्डकी प्रदेश सरकारले स्थापना दिवस मनायो

पोखरापत्र संवाददाता
पोखरा, ४ फागुन




गण्डकी प्रदेश सरकारले विभिन्न कार्यक्रमको आयोजना गरी आफ्नो स्थापना दिवस मनाएको छ। गण्डकी प्रदेश सरकार स्थापना भएको ५ वर्ष पूरा भएको अवसरमा प्रभात फेरी सहित एक समारोहका बिच आफ्नो स्थापना दिवस मनाएको हो।

पोखराको शहिद पार्कमा शहिदहरुलाई माल्यारोपण पश्चात सुरु भएको प्रभात फेरी रत्नचोक, सृजनाचोक, सभागृह हुदै सभागृहमा पुगेर समापन भएको थियो । कार्यक्रमका प्रमुख अतिथी गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङलाई पोखरा सभागृहमा नेपाल प्रहरीले सलामी दिएको थियो।

पोखरा सभागृह हलमा आयोजित समारोहमा गण्डकी प्रदेशका प्रदेश प्रमुख पृथ्वीमान गुरुङले सहमती, सहकार्य र एकता गरेर मात्र अघि बढ्न सके आधारभूत विकास निर्माणका काम पुरा गर्न सकिने बताएका छन् । प्रदेश सरकार छैटौं स्थापना दिवसको अवसरमा विहिबार आयोजित समारोहमा सम्बोधन गर्दै प्रदेश प्रमुख गुरुङले कुनै पनि सरकारले सहमती, सहकार्य र एकता गरेर मात्र अघि बढ्न सके जनताका आधारभूत विकास निर्माण गर्न सकिने बताएका हुन् ।

अस्थायी सरकार भएमा जनताले र राजनीतिक दलले चाहेर पनि कतिपय योजना र विकास निर्माण समयमै गर्न नसकिने समस्या हुने उनको भनाई थियो । पोखरा पर्यटनको राजधानिको रुपमा विकसित हुदै आएको उल्लेख गर्दै प्रदेश प्रमुख गुरुङले पोखरालाई आर्थिक गतिविधि र शैक्षिक गतिविधिको केन्द्र मान नभई अब धेरै कुराको सम्भावनाको खोजि गर्नुपर्ने बताएका हुन् । उनले भने "प्रदेशमा सम्भावना भएका क्षेत्रहरुको पहिचान गरी त्यसबाट प्रदेशले कसरी आय आर्जनसंग जोड्न जान सकिन्छ अबको ध्यान त्यस तर्फ केन्द्रित हुनु पर्छ।" कार्यक्रममा गण्डकी प्रदेशका सभामुख कृष्ण प्रसाद धितालले प्रदेश सरकारहरुलाई अफ्नो अस्तित्व बचाउन धेरै चुनौती आएकोले त्यसको सामना गर्नुपर्ने बताए। जनताको आवश्यकता पूरा गर्न स्थीर सरकार नै आवश्यक भएको बताए। संस्थापक मुख्यमन्त्री एवं संघिय सांसद पृथ्वीसुब्बा गुरुङले एकल अधिकार भन्दा साझा अधिकार धेरै राख्नु नै संयितामा प्रदेश सरकार कुनै न कुनै ढंगबाट संघ सरकारबाट निर्देशीत हुनु परेको बताए। प्रदेश सरकारलाई अधिकार दिन कन्जुस्याई गर्ने अनि पुजिगत खर्च भएन भन्नु उचित नभएको उनले जनाए । प्रदेश सरकारको अस्तित्व देखाउन काम गरेर देखाउने समय आएको संस्थापक मुख्यमन्त्री गुरुङको भनाई थियो । निवर्तमान मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलले अघिल्ला सरकारले अघि बढाएका प्रदेशका गौरवका र क्रमागत योजनाहरुलाई पुरा गर्न आग्रह गरे। गण्डकी प्रदेशका प्रमुख प्रतिपक्ष दलका नेता सुरेन्द्र पाण्डेले गण्डकी प्रदेशको आर्थिक विकास र समृद्धि हुदै आत्मनिर्भर बनाउने सम्भावनाका क्षेत्रको पहिचान सहित उचित ढंगले लगानी गर्नु पर्ने बताए। कार्यक्रममा पूर्व सभामुख तारानाथ रानाभाट, प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्री रोशन गाहा मगर लगायतले वोलेको प्रदेशका आन्तरिक मामिला तथा कानून मन्त्रालयका सचिव बद्रीनाथ अधिकारीले बताए । मुख्यमन्त्री खगराज अधिकारीले प्रदेशको विकास र समृद्धिका लागि अब ढिलो गर्न कसैलाई छुट नभएकोले प्रदेश सरकार स्थापनाको अवसरमा सरकारले बार्षिक रुपमा कर्मचारीहरुलाई समेत पुरस्कृत गर्दै आएको छ। यस बर्ष पनि तीन बिधामा १० जना कर्मचारी पुरस्कृत हुने भएको प्रदेशका मुख्य सचिव रविलाल पन्थले बताए।

प्रदेश निजामति सेवा सर्वोउत्कृष्ट पुरस्कारबाट यस बर्ष मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयकी सचिव मनमाया भट्टराई पंगेनी रहेकी छन् । उनले उक्त पुरस्कारको उपाधिको साथमा एक लाख नगद प्राप्त गर्ने भएकी हुन् । त्यसै गरी उत्कृष्ट प्रदेश निजामति सेवा पुरस्कारबाट तीन जना पुरस्कृत हुने भएका छन् । डिभिजन वन कार्यालय लमजुङका डिभिजन वन अधिकृत पुर्णेश्वर सुवेदी, यातायात व्यबस्था कार्यालय सवारी कास्कीका अधिकृत (दशौं) डिल्लीराम रिज्याल र स्वास्थ्य कार्यालय मनाङका बरिष्ठ जनस्वास्थ्य अधिकृत बाबुराम आचार्य रहेका छन्। उनीहरुलाई जनही ७५ हजार पुरस्कार प्रदान गरिने भएको छ।

त्यसै गरी प्रदेश निजामति सेवा पुरस्कारबाट प्रदेश संग्राहलयकी अधिकृत (आठौं) करुण राई, पुर्वाधार विकास कार्यालय मुस्ताङका प्रमुख (आठौं तह) ई.विवेक सिग्देल, कृषि, उर्जा तथा जलश्रोत मन्त्रालयका अधिकृत (सातौ) अनिल सुवेदी, आर्थिक मामिला मन्त्रालयका अधिकृत (छैटौं) रामेश्वर ढुंगना, प्रदेश लोकसेवा आयोगका सहायक (पाचौं) बिष्णु पोखरेल गौडेल र गण्डकी प्रदेश सभा सचिवालयका सहायक (पाँचौं) सुर्य बहादुर बानिया रहेका छन् । उक्त पुरस्कारको राषि भने जनही ५० हजार रहेको छ। केही समय पश्चात उक्त पुरस्कार वितरण गरिने भएको छ।

स्थापना दिवसको अवसरमा विहिबार प्रदेशमा सार्वजनिक बिदा दिइएको छ। गत चैत १८ गते बसेको मन्त्रिपरिषद् बैठकले प्रदेश स्थापना भएको दिन बिदा दिने निर्णय गरेको हुनाले आज सार्वजनिक बिदा दिइएको हो । प्रदेश सरकार गठन भएपछि २०७४ साल फागुन ४ गते गण्डकीको मुख्यमन्त्रीका रुपमा नेकपा एमालेका पृथ्वीसुब्बा गुरूङले पद तथा गोपनीयताको शपथ लिएका थिए । देशको राजनीतिक परिस्थितीका कारण नेपाली कागेंसका कृष्णचन्द्र नेपाली पोखरेलको नेतृत्वमा करिब डेढ बर्ष सरकार चल्यो। २०७९ पुष २५ मा एमालेका खगराज अधिकारीको गण्डकी प्रदेशका मुख्यमन्त्री नियुक्ति भएका हुन्।

## पोखराबाट अन्तर्राष्ट्रिय उडानका लागि कूटनीतिक पहल भइरहेको छ : पर्यटनमन्त्री किराँती

पोखरापत्र संवाददाता
पोखरा, ४ फागुन




संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री सुदन किराँतीले पोखरा अन्तर्राष्ट्रिय विमानस्थबाट छिमेकी देशमा उडान गर्न कूटनीतिक तवरबाट पहल भइरहेको बताउनुभएको छ।

पोखरा विमानस्थलमा बिहीबार प्रेस सेन्टर नेपाल गण्डकी प्रदेश समितिले आयोजना गरेको पत्रकार भेटघाटमा उहाँले पोखरासँग भगिनी सम्बन्ध कायम भएका चीनका विभिन्न सहरसहित भारतका अन्य सहरमा सिधा उडानका लागि मन्त्रालयले छलफल गरिरहेको बताउनुभयो।

गत पुस १७ गते भव्य उद्घाटन भएको पोखरा अन्तर र्ाष्ट्रिय विमानस्थलबाट हाल आन्तरिक उडान मात्र भइरहेका छन्। यहाँका पर्यटन व्यवसायीको छिटो अन्तर्राष्ट्रिय उडान सुरु गर्न माग छ। मन्त्री किराँतीले भन्नुभयो, "पोखरादेखि सिधै अन्तर्राष्ट्रिय हवाई सम्पर्कका लागि चौतर्फी पहल गरेका छौँ, यही मितिदेखि भनेर भन्न नसके पनि अत्यधिक कोशिस मन्त्रालयले गरिरहेको छ, हाम्रोतर्फबाट यथाशक्य चाँडो गर्नुपर्दछ भन्ने धारणा छ।" उहाँले नागरिक उड्डयन प्राधिकरणलाई पोखरा विमानस्थल कसरी चलाउन सकिन्छ भनेर कार्ययोजना ल्याउन आफूले निर्देशन दिएको बताउनुभयो । उहाँले भन्नुभयो, "यति राम्रो विमानस्थललाई सम्पूर्णरुपले सदुपयोग गर्न चाँडै सफल हुने विश्वास छ।"

नेपालका सबै विमानस्थल दैनिक कम्तीमा १५ घण्टा चल्ने व्यावसायिक कार्यक्रम आवश्यक रहेकाले मन्त्रालयका कर्मचारीलाई व्यावसायिक योजना ल्याउन आग्रह गरेको उहाँले जानकारी दिनुभयो । पर्यटनमन्त्री किराँतीले पोखरामा गत माघ १ गते भएको विमान दुर्घटनापछि मनोवैज्ञानिक आतङ्क रहेकाले त्यसलाई न्यूनीकरण गर्नु आवश्यक रहेको बताउनुभयो।

विमान दुर्घटनाको छानविनका लागि सरकारले गठन गरेको समितिले दुर्घटनाको प्रारम्भिक प्रतिवेदन तयार गरी बुधबार मात्र बुझाएकाले सर्म्पूण प्रतिवेदन प्राप्त भएपछि घटनाको यथार्थ विवरण बाहिर ल्याइने मन्त्री किराँतीले जानकारी दिनुभयो । आफ्नो मन्त्रालयमा समस्याको चाङ रहेको र चुनौती तथा अप्ठ्यारा भए पनि समाधान असम्भव छैन भनेर आफू लागिपरेको उहाँले बताउनुभयो।


## कांग्रेस नेता भण्डारीलाई थप उपचारका लागि भारत लगियो

रासस
काठमाडौं, ४ फागुन

बुधबार राति एलपीजी ग्यास सिलिण्डर विस्फोटबाट घाइते हुनुभएका नेपाली कांग्रस नेता एवं प्रतिनिधिसभा सदस्य डा चन्द्रकान्त भण्डारीलाई थप उपचारका लागि भारत लगिएको छ।

उहाँलाई श्री एयरलाइन्सको विमानमार्फत भारतको मुम्बईस्थित नेशनल स्किन बर्न सेन्टरमा थप उपचारका लागि लगिएको कांग्रेस केन्द्रीय सदस्य अजयबाबु शिवाकोटीले जानकारी दिनुभयो। उहाँको नेपालमा यथोचित उपचार सम्भव नभएपछि चिकित्सकको टोलीसहित त्यसतर्फ लगिएको हो। बुधबार राति घाइते हुनुभएका नेता डा भण्डारीको यसअघि कीर्तिपुरस्थित कीर्तिपुर बर्न अस्पतालमा उपचार गरिएको थियो । अस्पतालले बिहीबार विज्ञप्ति जारी गरी उपलब्ध साधन र स्रोतबाट उहाँको यथोचित उपचार नेपालमा सहज नहुने देखिएकाले देश बाहिरका सुविधा सम्पन्न स्वास्थ्य संस्थामा यथाशीघ्र स्थानान्तरण (सिफारिस) गरेको हो।

आफ्नो निवासमा ग्यास सिलिण्डर विस्फोट हुँदा सांसद डा भण्डारीसहित उहाँकी आमा हरिकला भण्डारी घाइते हुनुभएको थियो । आमा हरिकलाको भने उपचारका क्रममा बिहान निधन भएको छ । नेता डा भण्डारीको दुवै हात र दुवै गोडा गरी २५-३० प्रतिशत जलन भएको अस्पतालले जनाएको छ।




## बाँदर नियन्त्रणको उपाय खोज्दै मन्त्री गुरुङ

पोखरापत्र संवाददाता
पोखरा, ४ फागुन

मकै छर्न खेतबारी खनजोत गर्ने समय सुरुसँगै पोखरा-२२ लुकुमस्वारा निवासी कृष्ण पौडेललाई यतिबेला बारीमा छरेको मकै बाँदरबाट कसरी जोगाउने भन्ने चिन्ता छ। मकै मात्र होइन बारीमा लगाएको तरकारी र फलफूलसमेत बाँदरले राख्दैन, रातदिन बाँदर धपाउँदैमा समय खर्चनुपर्छ, यहाँका किसानलाई।

पोखरा-१३ आर्वाका किसान हरिकृष्ण सिग्देलेको चिन्ता पनि बाँदरबाट कसरी तरकारी तथा अन्नबाली जोगाउने भन्ने नै छ। खर्च गरेर मकै र तरकारी रोप्यो बाँरदको आहारा बन्छ, परिवारले के खाने सिग्देलले दुःख व्यक्त गर्नुभयो । बारीको मकै र तरकारी जोगाउन छिमेकी मिलेर बाँदर धपाउन आलोपालो गर्ने गरेका छौं तर पनि मानिस नभएको मौका छोपेर बाँदरले तरकारी तथा मकैबारीमा पसेर खाइदिने गरेको किसान सिग्देल बताउँनुहुन्छ। कास्कीका अधिकाशं गाउँका किसान बाँदर आतङ्कबाट पीडित छन् । पछिल्ला वर्ष त बाँदरले झ्यालबाट पसेर भरभित्रको अन्नसमेत लिएर भाग्ने गरेको सिग्देलले सुनाउनुभयो।

पोखरा-२२ का वडाध्यक्ष हिमलाल बरालले भन्नुभयो, "किसानले लगाएको बाली बाँदरबाट जोखाउन अनेकौं उपाय गर्‍यौं, तर नियन्त्रण गर्न सकिएन।" उहाँका अनुसार बादरबाट तरकारी तथा मकैबाली जोगाउन सक्यौं भने पनि वडाका अधिकांश किसानले राहत मात्र होइन, अन्नबाली किन्न समेत थोरै पर्थ्यो। गण्डकी प्रदेश सरकारसँग बाँदरको सङ्ख्या वा तिनीहरूले अन्न तथा तरकारी बारीमा गरेको क्षति विवरणको तथ्याङ्क भने छैन।

गण्डकी प्रदेश सरकारका कृषि ऊर्जा तथा जलस्रोतमन्त्री बेदबहादुर गुरुङले आफू बाँदर नियन्त्रण गर्ने उपायको खोजीमा रहेको बताउनुभयो। कास्की तथा यस प्रदेशमा रहेका जिल्लाको अधिकाशं गाउँका किसानको गुनासो नै बाँदरबाट पीडित हुनुपरेको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनमा बाँदर मार्ने अधिकार छैन। बाँदरलाई जसरी हुन्छ किसानको अन्नबाली खान नदिन र किसानबाट टाढा राख्नु मुख्य चुनौती भएको छ। किसानको बारीमा बाँदर नआउने अचुक उपाय कसैसँग भए लाखौं रुपैयाँको पुरस्कार दिनेसमेत मन्त्री गुरुङले घोषणा गर्नुभयो।

"किसानलाई खेतबारीमा टिकाइराख्न बाँदरलाई जङ्गलतिरै रोक्नु आवश्यक छ । तर, बाँदरका कारण किसानले भोग्नुपरेको क्षतिबारे थाहा हुँदाहुँदै पनि यो समस्यालाई कसरी सम्बोधन गर्ने भन्ने विषयमा अनभिज्ञ छौं", मन्त्री गुरुङले भन्नुभयो, "बाँदरले

बाँकी अन्तिम पृष्ठमा ▶▶

# शनिबार पोखरामा हुने म्याराथन सहित विभिन्न दौडमा करिब ५ हजार सहभागी हुँदै

**पोखरापत्र संवाददाता**
पोखरा, ४ फागुन

खेलकुदको शहर पोखरामा शनिबार आयोजना हुने १७ औं संस्करणको सफल पोखरा अन्तर र्ष्ट्रिय म्याराथन प्रतियोगिताको तयारी पूरा भएको छ।

६ महिनाको तयारीमा शनिबार ६ घण्टामा सकिने उक्त प्रतियोगिताको तयारी पूरा भएको भूत पूर्व खेलाडी मञ्चका अध्यक्ष हरि प्रसाद पराजुलीले विहिबार पोखरामा आयोजित पत्रकार सम्मेलनमा जानकारी गराए।

म्याराथान सहित सहित विभिन्न दौड एवं रन फर फनमा करिब ५ हजार जना सहभागि हुने भएको उनले दाबी गरे । खुला म्याराथन ४२.१९५ किमि दौडमा सहभागि हुन २ सय जनाले नाम दर्ता गराएको म्याराथन तर्फ यस बषृ पुरस्कार राषिमा बृद्धि गरिएको उनले जनाए । म्याराथन खुलातर्फ पहिलो हुनेले ५ लाख, दोश्रोले ३ लाख, तेश्रा हुनेले २ लाख र चौथो हुनेले नगद ३० हजार प्राप्त गर्ने अध्यक्ष पराजुलीले जानकारी दिए । म्याराथन तर्फ गण्डकी प्रदेश स्तरिय प्रतियोगितामा प्रथम हुनेले ५० हजार, दोश्रो हुनेले ३० हजार तेश्रो हुनेले २० हजार प्राप्त गर्ने भएको महासचिव कृष्ण तिमिल्सिनाले बताए।

गण्डकी प्रदेशमा धावक उत्पादनमा टेवा पुग्ने उद्धेश्यले उक्त इभेण्ट यसै बर्ष देखि समावेस गरिएको उनले जनाए । त्यसै गरी २१.०९७ किमि हाफ म्याराथन महिला तर्फ २० जनाले नाम दर्ता गराएको उनले जनाए। पुरुष तर्फको १० किलोमिटर दौड प्रतियोगितामा



३ सय र सोही इभेण्टमा महिला तर्फ भने एक सय जना सहभागी हुने भएको मञ्चले जनाएको छ खुला म्याराथन र महिला हाफ म्याराथन तर्फ चिप्सको प्रयोग हुने उनले बताए। उक्त चिप्स नेपाल रन युकेले व्यबस्थापन गर्ने भएको हो।

त्यस्तै गरी विद्यालयस्तरिय ५ किलोमिटर छात्र दौडमा १ हजार ५ सय र सोही इभेण्टमा महिला तर्फ भने १ हजार जना सहभागि हुने भएका छन् । साथै उक्त अवसरमा महिला/पुरुष ह्विल चियर तथा दृष्टिविहिन दौडमा ३०/३० जना सहभागि हुने भएका छन भने सोही दिन हुने 'रन फर फन' मा १ हजार २ सय ५० जनाले सहभागि जनाउने भएको अध्यक्ष पराजुलीले बताए। प्रतियोगितामा ७ वटै प्रदेशका ३७ जिल्लाबाट प्रतियोगिहरु सहभागि हुने भएको मञ्चले जनाको छ । प्रतियोगितामा १६ देशका २९ जना विदेशी धावकहरु सहभागि हुने भएको अध्यक्ष पराजुलीले बताए।

अध्यक्ष पराजुलीले आफुहरुले करिब ६ महिनाको ठुलो मेहनत शनिबार बिहान ६ घण्टाको लागि हुने उक्त कार्यक्रम भव्य रुपमा सफल पार्न आफुहरु कटिवद्ध भएको बताए । सिटी म्याराथनको अवधारणामा आयोजना हुँदै आएको नेपालकै जेठो म्याराथन म्याराथनहरुको अन्तर्राष्ट्रिय छाता संस्था 'एसोसियसन अफ इन्टरनेशनल म्याराथन्स एण्ड डिष्टेन्स रेसेस' (एम्स)मा दर्ता भए पछि पहिलो पटक आयोजना हुन लागेको मञ्चले जनाएको छ। सफल पोखरा अन्तर्राष्ट्रिय म्याराथन अन्तर्गत ९ वटा इभेन्टहरु एकै पटक एकै दिन हुने जसको पुरस्कार मात्र १७ लाख ५२ हजार खर्च हुने भएको अध्यक्ष पराजुलीले बताए।

अध्यक्ष पराजुलीले महिला हाफ म्याराथनमा समेत पहिलो, दोश्रो, तेश्रो र सान्त्वानहुनेले नगद रु १ लाख ५० हजार, १ लाख, ७५ हजार र १५ हजार प्रदान गरिनेछ। त्यसै गरी ५ किमि महिला तथा पुरुष, ५ किमि छात्र/छात्रा दौड, ह्विल चियर र दृष्टिविहिन महिला तथा पुरुष दौड हुने र सबै दौडहरुमा पुरस्कार राशीमा समेत वृद्धि गरिएको मञ्चले जनाएको छ। पोखरेली प्रतिष्ठित औधोगिक प्रतिष्ठान लक्ष्मी ग्रुप अन्तर्गत सुजल डेरी प्रालिको मुख्य उत्पादन सफल दुधको मुख्य प्रायोजना हुने पोखरा अन्तर्राष्ट्रिय म्याराथन गण्डकी प्रदेश सरकार, गण्डकी प्रदेश युवा तथा खेलकुद मन्त्रालय, पोखरा महानगरपालिका, राष्ट्रिय खेलकुद परिषद, नेपाल ओलम्पिक कमिटी, प्रदेश खेलकुद परिषद गण्डकी लगायतकाले सहयोग गरेका छन्।

त्यसै गरी पोखरा म्याराथनको अन्तर्राष्ट्रिय पार्टनरको रुपमा पोखरेली मञ्च युके, नेपालको प्रतिष्ठित बैंक कृषि विकास बैंक बैकिङ पार्टनरको रुपमा रहने छ । सफल पोखरा अन्तर र्ष्ट्रिय म्याराथनको प्रवर्द्धकको रुपमा नेपाल पर्यटन वोर्ड रहेको आयोजकले जनाएको छ।

पोखरेली मञ्च युकेका अध्यक्ष करण गुरुङ सहितको टोलीले उक्त प्रतियोगिताको लागि ४ लाख रुपैया आर्थिक सहयोग गरेको छ। न्यू ह्याम्पशायर वोष्टन अमेरीका निवासी नेपाली समाजले १ लाख १० हजार, एनआरएनए एनसिसी अस्ट्रेलियाले ५२ हजार, मञ्चका अस्ट्रेलियास्थित डर्विन संयोजक चन्द्र प्रकाश गुरुङ लगायत सहकर्मीहरुले एक मुष्ट ५१ हजार, समाजसेवी भोज बहादुर गुरुङले २५ हजार, पोखरा समाज अस्ट्रेलियाबाट बाट २५ हजार सहयोग गरेका छन् । उक्त अवसरमा पोखरेली मञ्च यूकेका अध्यक्ष करण गुरुङ, ओलम्पियन नारायण गुरुङ, फेदी खोला समाज यूकेका अध्यक्ष हरि गुरुङ, मञ्चका अस्ट्रेलिया संयोजक चन्द्र प्रकाश गुरुङ लगायतले लगायतले आफ्नो काम बिषेशले विदेशीय पनि आफुहरुको मन र भावना स्वदेश आफ्नो जन्म भूमिमा भएको बताए।

# लाहाचोकको प्रवर्द्धन गर्दै हाइकर्स क्लब नेपाल

**प्रतिक्षा पौडेल/समिक्षा गौतम**
पोखरा, ४ फागुन

माछापुच्छे हिमालको काखमा रहेको कास्की जिल्लाको उत्तर भेगमा रहेको माछापुच्छे गाउपालिका वडा नं. ४ को रमणीय गाउँ लाहाचोक गाउँको प्रवर्द्धन गर्ने उद्धेश्यले हाइकर्स क्लब नेपालको समुह शनिबार उक्त गाउँ पुगेको छ।

स्वस्थ्य र पर्यटनको लागि हाइकिङ भन्ने मुल नाराका साथ हरेक महिनाको अन्तिम शनिबार संचालन हुँदै आएको एक दिने छोटो पदयात्रा (हाइकिङ) को ३१ औं श्रृङखला लाहाचोक गाउँमा गरेको थियो । पोखरा महानगरपालिका वडा नं. २५ हेम्जाको मिलन चोकमा भेला भई पैदल यात्रा सुरु गरेका उक्त समुहलाई क्लबका संयोजक कृष्ण रानाभाटले हाइकिङले स्वास्थ्य र पर्यटन प्रवर्द्धनमा सहयोग पुगेकोले छिट्टै विधिवत रुपमा दर्ता गरिने जानकारी गराएका थिए । २०७६ साल देखि नियमित रुपमा हुँदै आएको हाईकिङ कोरोना भाइरसका कारण केही महिना स्थगित भएको र कोरोना भाइरसको असर कम भए पश्चात पुनः नियमित रुपमा संचालन भइरहेको क्लबका सदस्य तथा कानुनी सल्लाहकार



अधिवक्ता नोज घर्तिमगरले वताए । विद्यार्थीदेखि गृहणीसम्म सहभागी भई रमाईलो गर्दै पैदल हिडेर स्थानिय वस्ती, खोलानाला, वनजंगल, विभिन्न विकास निर्माणका कार्यलाई प्रत्यक्ष रुपमा अवलोकन गर्दै ४ देखि ५ घण्टा संगै हिड्नु नै हाइकिङको उद्धेश्य रहेको रेडियो सफलताका स्टेसन म्यानेजर मधु अधिकारीले वताए।

लाहाचोकका व्यवसायी राजेन्द्र अधिकारीले हाइकर्स क्लबका सदस्यहरुलाई लाहाचोकमा स्वागत गर्दै रहेका विभिन्न देवी देवताका मन्दिरहरु, प्रचारप्रसारको पर्खाइमा रहेको पर्यटकीय पातीखोला गुफा, काल भैरब मन्दिर, नवनिर्मित माछापुच्छे गाउँपालिकाको प्रशासनिक भवन, व्यवसायीक रुपमा गरिएका कृषि तथा पशु पालनको अवलोकन गराएका भएको आइटि व्यवसायी पितम सेन ठकुरीले वताए।

यस अगाडि कास्की, स्याङ्जा र तनहुँका विभिन्न गाउँहरुमा हाइकर्स समुह पुगेको र फागुन महिनाको अन्तिम शनिबार स्याङ्जा जिल्लाको फेदीखोला गाउँपालिका वडा नं. ५ स्थित बाँगे गाउँमा जाने तयारी गरिएको छ । पोखराको पृथ्वीचोकलाई केन्द्रमा राखेर वेलुकी ५/६ वजेभित्र फर्किनु पर्ने भएको कारण जाँदा वसमा जाने र फर्किदा बाँगेदेखि फेदीखोलासम्म ३ देखि ४ घण्टा हिडेर आउने तयारी रहेको पनि क्बलले जानकारी दिएको छ। (विद्यार्थी पत्रकार)

## बादर...

किसानको बारीमा पुऱ्याएको क्षतिलाई मूल्याङ्कन गरी क्षतिनपूर्ति दिने व्यवस्था कानुनमा नै छैन ।" सन् २०१७ मा कास्कीमा गरिएको एक अध्ययन अनुसार रेसस मकाक प्रजातिका बाँदरले बढी मात्रामा आक्रमण गर्ने बालीमा मकै, आलु, गहुँ, काउली र धान छन् । सन् २०१७ मा सर्वेक्षण गरिएका ६० घरधुरीमध्ये ३२ प्रतिशतले २० हजार रुपैयाँ नोक्सन भएको प्रतिवेदन सार्वजनिक भएको थियो भने ३० प्रतिशतले भने १० देखि २० हजार रुपैयाँ नोक्सान भएको जानकारी दिएका थिए।

मन्त्री गुरुङले भन्नुभयो, "पाँच वर्ष म मादी गाउँपालिकाको अध्यक्षमा रहेँ, त्यहाँ पनि किसानको टाउको दुखाइ बाँदर आतङ्क नै बन्यो, नियन्त्रणका लागि बजेट पनि छुट्याइयो तर बाली जोगाउन सकिएन, बाँदर नियन्त्रणको अचुक उपायको खोजी यसअघि पनि गरिएको हो, तर पत्ता लागेन, अहिले प्रदेशको मन्त्री भएको छु, जिल्लाहरूबाट किसानको गुनासो बाँदरले अन्न तथा तरकारी वालीमा क्ष्यति पुऱ्याएको आइरहेका छन्।" कुकुरसँग केही मात्रामा बाँदर डराउने भए पनि समूहमा आएका बाँदरले कुकुरलाई नै झम्टने गर्छन् । संरक्षित प्रजाति भएकाले बाँदरलाई मार्नु गैरकानुनी हुने मन्त्री गुरुङको भनाइ छ। "बाँदरलाई धपाउनु नै हो, हामीसँग बाँदरलाई समात्ने वा बन्दी बनाउने कुनै साधन छैन, उपायको खोजी नभएसम्म बाँदरलाई धपाउनुको विकल्प छैन", मन्त्री गुरुङले भन्नुभयो । राससको कुराकानीमा मन्त्री गुरुङले भन्नुभयो, "किसानको अन्नबालीमा बाँदर पस्न नसक्ने उपाय खोज्नका लागि बाँदर विज्ञहरूसँग छलफल अघि बढाउने तयारी गरेको छु।" बाँदरलाई तर्साउनका लागि बाँदर बन्दुक प्रयोग गरियो तर बन्दुकले पनि बाँदर नभागेको पोखराका किसान सूर्य बरालले गुनासो गर्नुभयो। उहाँले भन्नुभयो, "एक दुई हप्तापछि बाँदरलाई बन्दुकको आबाज सुन्ने बानी पऱ्यो।"बाँदरबाट पीडित किसान बीमा र क्षतिपूर्ति नीति ल्याउन गण्डकी प्रदेश सरकारलाई दबाब दिइरहेका छन्। यसैवर्ष मात्र कास्कीको मादी गाउँपालिकाले बाँदर नियन्त्रणको लागि यसै आर्थिक वर्षमा रु १२ लाख बजेट विनियोजन गरेको छ, तर उपयुक्त विधि नभएका कारण दिगो रुपमा बाँदर नियन्त्रण गर्नसक्ने अवस्था छैन। "बुढापाकाको भनाइ अनुसार चितुवा बसेको ठाउँमा बाँदर बस्दैन भनिन्छ, तर गाउँमा चितुवा ल्याएर राख्न पनि सम्भव हुने कुरै भएन", मादीका किसान इन्द्र सापकोटाले भन्नुभयो, "बाँदरका लागि जङ्गलमा नै आहरा उपलब्ध गराउन सकेको खण्डमा गाउँमा पस्ने थिएनन् कि ?" विज्ञहरूले खाद्यान्न अभावका कारण बाँदर ग्रामीण भेगबाट अर्ध-सहरी बस्तीतर्फ आइरहेका छन्।

नेपालमा बाँदरको आधिकारिक तथ्याङ्क नभएको डिभिजन वन कार्यालय कास्कीका डिभिजनल वन अधिकृत केदार बरालले जानकारी दिनुभयो। उहाँका अनुसार नेपालमा मुख्यतया तीन प्रजातिका रेसस मकाक, असामी बाँदर र हनुमान लङ्गुर बाँदर छन्। हनुमान लङ्गुर र असामी बाँदरको खतरा अलि थोरै र रेसस मकाकले बालीमा सबैभन्दा बढी क्षति पुऱ्याउने गरेको छ। नेपालको कानुनमा पनि विभिन्न १४ वन्य जन्तुले पुऱ्याएको क्षतिको क्षतिपूर्ति दिने व्यवस्था छ, तर बाँदरले पुऱ्याएको क्षतिपूर्ति दिने व्यवस्था नभएको जानकारी बरालले दिनुभयो।

# स्ववियु कार्यतालिका सार्वजनिक

**रासस**
काठमाडौ, ४ फागुन

त्रिभुवन विश्वविद्यालयले स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) निर्वाचनको कार्यतालिका सार्वजनिक गरेको छ।

त्रिवि विद्यार्थी कल्याण तथा खेलकुद निर्देशनालयका निर्देशक पशुपति अधिकारीले बिहीबार यहाँ आयोजित पत्रकार सम्मेलनमा स्ववियु निर्वाचन कार्यतालिका सार्वजनिक गर्नुभयो । कार्यतालिकाअनुसार समानुपातिक र प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता फागुन २७ गतेलाई तोकिएको छ । विगत १४ वर्षदेखि नियमित हुन नसकेको स्ववियु निर्वाचन त्रिवि कार्यकारी परिषद्ले गत पुस २२ गते आगामी चैत ५ गते गर्ने निर्णय गरेको छ। यस्तै कार्यतालिकाअनुसार मतदान चैत ५ गते बिहान ८ बजेदेखि दिउँसो ४ बजेसम्म तोकिएको उहाँले बताउनुभयो।

कार्यतालिकाअनुसार यही फागुन १९ गते विद्यार्थी सङ्घ/सङ्गठन दर्ता, फागुन २१ गते मतदाता सूची प्रकाशन, फागुन २५ गते मतदाता सूचीमा दाबी-विरोध तोकिएको छ। यस्तै फागुन २६ गते उम्मेदवारको मनोनयनपत्र वितरण, फागुन २७ गते बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म समानुपातिक तथा प्रत्यक्षतर्फको उम्मेदवारी दर्ता तोकिएको छ। यस्तै कार्यतालिकाअनुसार फागुन २८ गते बिहान ११ बजेदेखि दिउँसो २ बजेसम्म उम्मेदवारको नामावलीमाथि दाबी-विरोध र फागुन २८ गते साँझ ५ बजे उम्मेदवारको अन्तिम नामावली प्रकाशनको समय तोकिएको छ। स्ववियु निर्वाचनको कार्यतालिका प्रकाशनपछि क्याम्पसको वार्षिक प्रणालीअन्तर्गतका स्नातक प्रथम वर्षको विद्यार्थी भर्ना बन्द गरिएको छ। निर्देशनालयका निर्देशक अधिकारीले स्ववियु निर्वाचनको प्रचार-प्रसार फागुन २९ गतेदेखि चैत २ गते राति १२ बजेसम्म समय तोकिएको छ । त्रिविमा २८ वर्ष उमेरहद र मिश्रित निर्वाचन प्रणालीमा निर्वाचन गर्न लागिएको हो । निर्वाचनमा विसं २०५१ चैत १८ गते जन्ममिति र सोभन्दा पछि जन्मेका विद्यार्थी उम्मेदवार हुन पाउनेछन्। निर्वाचनका लागि त्रिविले माघ २२ गते नै स्ववियु निर्वाचनसम्बन्धी निर्देशिका पारित गरेको छ। स्ववियुको अध्यक्ष, सचिव र कोषाध्यक्ष तथा ५० प्रतिशत सदस्य प्रत्यक्ष निर्वाचन प्रणाली र उपाध्यक्ष र सहायक सचिव तथा ५० प्रतिशत सदस्य समानुपातिक निर्वाचन प्रणालीबाट चयन हुनेछन् । स्ववियु कार्यसमिति दुई सय विद्यार्थी बराबर ११ सदस्यीय कार्यसमिति, दुई सय एकदेखि एक हजारसम्म विद्यार्थी भए १३ जनाको कार्यसमिति, एक हजार एकदेखि तीन हजारसम्म भए १९ जनाको र तीन हजार एकदेखि पाँच हजारसम्म २१ सदस्यीय कार्यसमिति हुने उल्लेख गरिएको छ । निर्वाचन देशभरिका त्रिविमा ६२ आङ्गिक र एक हजार ४० सम्बन्धन प्राप्त क्याम्पसमा निर्वाचन हुँदैछ।


**प्यारालाइसिसका बिरामीको उपचार**

विगत १८ वर्षदेखि सञ्चालित यस हस्पिटलमा विशेष छुटका साथ नयाँ तथा पुराना प्यारालाईसिसका बिरामीहरुको सफल उपचार भैरहेको जानकारी गराउँदछौं ।

प्रेसरले हानेर प्यारालाईसिस भएका बिरामीहरूको मात्र उपचार भइरहेको छ ।

लक्षणहरु :
» शरिरको एक हर नचल्ने ।
» मुख बाङ्गो भएको ।
» खाना खान, बोल्न, पिसाब गर्न गाह्रो भएको ।
» हिँड्न नसक्ने, खुट्टा हात लुलो भएको ।

सम्पर्क:
**स्पार्क वि एण्ड डि हस्पिटल प्रा.लि.**
पोखरा-८ न्युरोड, सभागृहचोक
फोन नं. ०६१-५७१४०८, ९८५६०२६७५०,९८६६४१५३८०

**के तपाईमा यौनसम्बन्धी समस्या छ**

पुरूषमा देखिने: शिघ्रपतन, यौन सन्तुष्टी नहुने, यौन चाहना नहुने, लिङग उत्तेजना नहुने, लिङ चिलाउने, सरूवा यौन रोग, स्वप्नदोष, लिङगको आकार सानो हुने आदि ।

महिलाहरूमा देखिने: स्तन सानो गिलो हुने, सेतो पानी बग्ने, योनी चिलाउने, तल्लो पेट दुख्ने, ढाड दुख्ने, महिनाबारीमा गडवडी, यौन सन्तुष्टिमा कमी हुने आदि ।

सुन्दरता : अनुहारका सबै किसिमका दाग, डण्डीफोर कालोपोतो, अनावश्यक कोठी वा फोकाहरु, दुवी, सेता दुवी, साथै अन्य चर्मरोगहरु ।

मलद्वार सम्बन्धी रोग : छारसुत्रद्वार पायल्स, फिस्टुला, फिसरको सफल उपचारका साथै मलद्वारमा मासु पलाएको, दिसा बस्दा गाह्रो हुने, मलद्वार दुख्ने, पोल्ने, दिसासँग रगत बग्ने आदि समस्याहरूको सफल उपचार गरिन्छ।

महिला वा पुरूषमा हुने (बाँझोपन) निःसन्तानपनको सफल उपचार

जाँच्ने समय: प्रत्येक दिन बिहान ९:०० बजेदेखि बेलुकी ५:०० बजेसम्म


सम्पर्क स्थान :
**माता मनकामना आर्युर्बेद क्लिनीक प्रा.लि.**
नयाँबजार पोखरा (न्यू विवेक आयल स्टोर्सको घरमा)
फोन ०६१- ५८९१९४, ९८४४३११९०६, ९८५१०८८११८

नोट : नयाँ तथा पुराना बिरामीहरूले यथाशीघ्र सम्पर्क गर्नुहोला।

**कपालको उपचार**

**कपाल झर्न तुरुन्त रोक्ने तथा उमार्ने**

के तपाई कपाल झरेर चिन्तित हुनुहुन्छ ?



- कपाल कोर्दा, नुहाउदाँ समेत सय भन्दा वढी नियमित झरिहेको छ,
- चिसो समयमा कपालका समस्याहरु बढ्न सक्छन्
- कपालको वीच वीचमा टाटुपरेर झरेको छ, कपाल चिलाउने, चाँया पर्ने, चिसोको समयमा चाँया पर्ने, कपाल झर्ने तथा टाउकोमा घाउ खटिरा आउने जस्ता समस्या छन्।
- कपाल झरेको कारणले झुसिलो, पातलो, छोटो भएको छ, कपाल समय अगाबै फुल्ने, टाउकोको अगाडिको भाग झर्ने, दाढी झर्ने, अनावश्यक रौं पलाउने भएको छ। यदि यस्ता समस्या तथा कपालका कुनैपनि समस्या भएका छन् भने एक पटक सम्पर्क राखी स्वास्थ्य लाभ लिनुहोला।

सम्पर्क: **पञ्चम आयुर्वेद क्लिनिक प्रा. लि.**
पोखरा-१०, इन्द्रमार्ग, पोखरा रंगशाला नजिकै
फोन नं. ०६१-४३२२४२, ९८४६०६८८०६


फेवा प्रकाशन प्रा.लि.द्वारा प्रकाशित पोखरापत्र राष्ट्रिय दैनिकका लागि प्रधान सम्पादक : पुण्य पौडेल, सम्पादकः रतन गुरुङ, कार्यकारी सम्पादक : शोभाकान्त सिग्देल, प्रबन्ध निर्देशकः नारायण भण्डारी
कार्यालयः नयाँबजार, पोखरा, फोनः ०६१-५८२५०८, ०६१-५७०६५१, ०६१-५३७८५७ E-mail: pokharapatradaily@gmail.com, pokharapatra@yahoo.com, Website : www.pokharapatra.com.np मुद्रणः हिमालय अफ्सेट प्रेस, नयाँबजार, पोखरा।

**सुक्तिसुधा**

गीता एक महान धर्मकाण्ड हो। मेरो विचारमा त सबै धर्म त्यसमै छ। - गान्धीका नैतिक सिद्धान्त

## सम्पादकीय

# ग्याँस सिलिन्डर बम नबनुन्

बुधबार राति खाना पकाउने ग्याँसको सिलिन्डर लिक भएर आगलागी हुँदा काठमाडौंमा नेपाली कांग्रेसका नेता एवं सांसद चन्द्रकान्त भण्डारीकी आमा हरिकला भण्डारीको जलेर मृत्यु भयो।घाइते भएका सांसद भण्डारीलाई उपचारका लागि भारतको मुम्बई लगिएको छ। राति साढे १० बजे भएको आगलागीमा आमा हरिकला ७० प्रतिशत जलेकी थिइन् भने सांसद भण्डारीको शरीरमा करिब ३० प्रतिशत भाग जलेको थियो। उनीहरू दुवैलाई बुधबार राति नै कीर्तिपुरस्थित बर्न अस्पताल पुऱ्याइए पनि अस्पतालले बिहानै सुविधासम्पन्न अस्पताल लैजान रेफर गरेको थियो।

सांसद भण्डारी जलेर उपचारका लागि भारत दौडाउने तयारी भइरहेकै बेला बिहीबार बिहानै उता दाङमा पनि खाना पकाउने ग्यास सिलिन्डर पड्किएर दुई जना घाइते भएका छन्। तुलसीपुर उपमहानगरपालिका १६ को लहलौरास्थित कृषि बीउ उत्पादन कम्पनीमा ग्यास पड्किएर आगलागी भएको थियो। प्रहरीका अनुसार ५० वर्षीया कुसुम केसी र चितवन घर भई त्यहाँ बस्दै आएका २९ वर्षीय आशिष खनाल घाइते भएका छन। हात र खुट्टा जलेका उनीहरू अहिले उपचाररत छन्। हरेक घरका भान्सामा यस्तै ग्यास भरिएका सिलिन्डर छन्। दिनहुँ ग्यास लिक भएका र आगलागीका घटना पनि आइरहेका हुन्छन्। ग्याँस सिलिन्डर बम जस्तै असुरक्षित भएका छन। बिहीबार एकैपटक यी दुई घटना सार्वजनिक भयो।काङ्ग्रेस नेता सांसद भण्डारी नै जलेपछि ग्यास सिलिन्डरको उपयोगमा हुने जोखिमबारे समाचार बन्न पुगेको छ।ग्याँस सिलिन्डरको प्रयोग, यस्को जोखिम,र दुर्घटनाको यसका कारण र क्षतिबारे उपभोक्तामा चासो बढेको छ।

आगलागीका घटना भएका खबर दिनहुँजसो आइरहेका हुन्छन्। तर ग्यास सिलिन्डर लिक भएर र पड्किएर भएका आगलागीबाट हुने मानवीय क्षतिको दरसमेत बढ्दो छ। नेपाल प्रहरीका अनुसार ग्यास सिलिन्डर लिक भएर भएका आगलागीबाट पछिल्लो तीन वर्षमा मात्रै काठमाडौं उपत्यकामा नौ जनाको ज्यान गएको छ भने देशभर ४२ जना घाइते भएका छन्। आर्थिक वर्ष २०७७/०७८ देखि हालसम्मको अवधिमा काठमाडौं र ललितपुरमा मात्रै ग्यास लिक भएर नौ जनाको ज्यान गएको प्रहरीसंग रेकर्ड छ। प्रहरीमा यो अवधिमा यस्तै प्रकृतिका ३४ वटा घटनामात्रै रेकर्डमा छन्। 'आगलागीका घटना त धेरै हुन्छन्। धेरैजसो आगलागीमा ग्यास लिक भएको कारण पनि हुन्छ। तर, त्यतिमात्रै कारणले मानवीय र भौतिक क्षति भएको घटनाको रेकर्ड हेर्दा यस्ता घटनाको संख्या ३४ छ'ती घटनामध्ये काठमाडौं उपत्यकामै धेरैको ज्यान गुमेको देखिन्छ। काठमाडौं र ललितपुरमा मात्रै ९ जनाको ज्यान गएको छ।'

प्रहरीको तथ्यांकअनुसार आर्थिक वर्ष २०७७/०७८ मा ग्यास लिक भएर/पड्किएर १० वटा घटना भए। तीमध्ये ६ वटा घटना काठमाडौं उपत्यकामै भएका थिए। ती घटनामा परी काठमाडौंमा तीन जनाको ज्यान गएको थियो भने देशभर गरी १० जना घाइते भएका थिए। आर्थिक वर्ष २०७८/०७९ मा यस्तै प्रकृतिका १३ वटा घटना भए। ती घटनामा परी ५ जनाको मृत्यु भयो भने १६ जना घाइते भएका थिए। यो वर्ष पनि ग्यास लिक भएर आगलागीका ११ वटा घटना भइसकेका छन्। यो वर्ष भने एक जनाको ज्यान गएको छ भने सांसद भण्डारीसहित १६ जना घाइते भएका छन्।

प्रहरीको रेकर्डमा यस्ता आगलागीका घटनामध्ये अधिकांशको पछाडि उपयोगकर्ताको लापरबाही प्रमुख कारण हुने गरेको छ। यसबारे विशेष अनुसन्धान वा अध्ययन भएको छैन। उपभोक्ताको लापरबाहीले धेरैजसो घटनाहरू भइरहेको प्रहरीको रेकर्डमा देखिन्छ। ग्यास सिलिन्डर कम्पनीको लापरबाही कति कारक हो भनेर अनुगमन र अध्ययन हुनुपर्छ। उपभोक्ताले ग्यास खोलेर छाड्ने, हिँड्ने, सफा नगर्ने, समय-समयमा रेगुलेटर परिवर्तन नगर्ने प्रबृत्ति त छ नै। ग्यासको सिलिन्डर कुन अवस्थामा छ भनेर अनुगमन नहुने र प्राबिधिक चाहिने ठाँउमा लेखाका लाई जिम्मेवारी दिने तालुक निगम मंत्रालय पनि जवाफदेही हुनुपर्छ। नागरिक समाज, संसद र राजनीतिक दलले पनि नागरिकको सुरक्षाका बारेमा बहस चलाउनु आवश्यक छ।

# तपाईको आज

| | | | |
|---|---|---|---|
| मेष | : शत्रुको भय | तुला | : सम्मान मिल्नेछ |
| वृष | : झमेला बढ्ने | वृश्चिक | : अप्रत्यसित लाभ |
| मिथुन | : कार्यमा सफलता | धनु | : आर्थिक समस्या |
| कर्कट | : मन चञ्चल | मकर | : मानसिक तनाव |
| सिंह | : सहयोग मिल्नेछ | कुम्भ | : शारीरिक झमेला |
| कन्या | : सत्कार मिल्नेछ | मीन | : ब्यापारमा लाभ |

**हरिसिद्धि भविष्यवाणी केन्द्र**
पोखरा-१६, जोगिमणीमार्ग, मोबाइलः ९८५६०२०५८६
चिना, टिप, हस्तरेखा,आखत,माटो हेर्नका लागि सम्झनुहोस्।

# इतिहासमा साक्षी बन्दै पसगाउँमा ढुङ्गाको छानो

**पोखरापत्र संवाददाता**
लमजुङ, ४ फागुन

कुनै बेला लमजुङवासीको सान र सपना हुन्थ्यो ढुङ्गाले कुँदेर घरमा छानो हाल्ने। कतिले खरको छानो छाउने गरेका थिए। गाउँ-गाउँका मात्र नभई सहर बजारका घरमा समेत ढुङ्गा तथा खरले छाना छाइन्थ्यो।

पछिल्लो समयमा भने ढुङ्गा तथा खरको छानो विस्तापित गर्दै गाउँघरमै जस्ता पाता र ढलानसमेत गर्ने क्रम बढ्दै जाँदा बाँकी रहेको ढुङ्गाका घर र छानासमेत लोप हुन थालेको छ। समुद्र सतहदेखि एक हजार छ सय ५० मिटर उचाइमा रहेको क्व्होलासोथर गाउँपालिका-६ पसगाउँवासीले भने परम्परालाई अझै संरक्षण गरेर राखेका छन्।

यहाँको एक सय ५३ घरधुरीमध्ये एक सय ४० घरधुरीको छाना ढुङ्गाबाटै छाइएको छ। लोपहुँदै गएको ढुङ्गाका घर यसरी संरक्षण गरेर राख्दा भावी पुस्ता तथा इतिहासका लागि यो गाउँ साक्षी बन्ने भएको छ। स्थानीयवासी बलराम गुरुङ भन्छुन्छ, "हामीले गाउँमा सचेतना फैलाउँदै भत्किएका ढुङ्गाका छानासमेत मर्मत गरेर संरक्षण गर्दै आएका छौं।" गाउँगाउँमा सुविधायुक्त घर निर्माण हुँदै गए पनि यस गाउँवासीले भने परम्परा संरक्षणका लागि आधुनिक घर निर्माण नगर्ने भएका छन्।

यसबाट पछिल्लो पुस्ताले समेत यस्ता मौलिक परम्परागत घर देख्दा पुर्खाको सम्पत्ति ठान्ने र उनीहरुलाई यस्ता घर संरक्षण गर्न प्रेरणा मिल्ने सोही ठाउँ निवासी चन्द्रप्रसाद गुरुङ बताउनुहुन्छ। उहाँ भन्नुहुन्छ,"गाउँमा आउने पाहुँना तथा पर्यटकले गाउँका घरहरुसँग सेल्फि खिच्ने, फोटो खिच्ने, टिकटक बनाउने र रमाउने गर्दछन्। गाउँमै ढुङ्गा खानी रहेको र सोही स्थानबाट आवश्यक ढुङ्गा ल्याउने गरिएको छ।

गाउँपालिकाका अध्यक्ष सूर्यप्रसाद गुरुङ भन्नुहुन्छ, "गाउँपालिकाभर नै छिटफुट ढुङ्गाका घर त छन् तर पस गाउँका अधिकांश बासिन्दाको घर ढुङ्गाबाटै निर्माण गरिएको छ। परम्परागत यस्ता घर संरक्षण गर्न गाउँपालिका अघि बढ्न थालेको उहाँको भनाइ छ। अब निर्माण हुने घरमध्ये आर्थिक अवस्था कमजोर भएकालाई ढुङ्गाको घर निर्माणका लागि गाउँपालिकाले सहयोग गर्ने तयारी रहेको गाउँपालिका अध्यक्ष गुरुङ जानकारी दिनुहुन्छ। हामीले खरको छानोमुक्त पालिका अभियान सञ्चालन गरेर खरमुक्त पालिका बनाउन लागेका छौं, करिब करिब खरमुक्त पालिका भइसकेको छ।

"खरका कारण आगलागी हुनेदेखि व्यक्ति तथा परिवारको सुरक्षा नहुनाका साथै खर पाउन मुस्किल हुन थालेकाले हामीले त्यस अभियानलाई अघि बढायौं पालिका प्रमुख गुरुङ बताउनुहुन्छ। ढुङ्गाको घर तथा छानो बलियो रहेको र जस्तापाताको छानो तीन चार पटक फेर्दा पनि ढुङ्गाको छानो एक पटक पनि फेर्न नपर्ने हुन्छ। साथै जाडोमा न्यानो, गर्मीमा सित्तल हुने, आगलागीलगायत घटना कम हुने भएकाले परिवार सुरक्षित हुने उहाँको भनाइ छ। यसबाट पर्यटक आकर्षित गराउन मदत पुग्ने र समृद्ध पालिकाका लागि त्यस्ता घरहरुले टेवा पुऱ्याउने गाउँपालिका अध्यक्ष गुरुङको भनाइ छ।

यस गाउँमा २१ घरमा घरवास (होमस्टे) सञ्चालन गरिएको छ। यहाँबाट लमजुङ हिमाल, अन्नपूर्णलगायत हिमालय पर्वत शृङ्खला देख्न सकिन्छ। गुरुङ समुदायको कृष्णचरित्र नृत्य, सारङ्गी नृत्य, झ्याउरे नाच, घाटु नाचजस्ता लोपोन्मुख नृत्यका लागि समेत पसगाउँ परिचित छ।

# पूर्व अध्यक्ष पाठकलाई परेको मातृशोकप्रति मञ्चद्वारा शोक व्यक्त

**पोखरापत्र संवाददाता**
पोखरा, ४ फागुन

नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका पूर्व अध्यक्ष केशव पाठककी ममतामयी माताको निधनप्रति नेपाल खेलकुद पत्रकार मञ्चले शोक व्यक्त गरेको छ।

बिहीबार पूर्व अध्यक्ष पाठककी माता नैनकुमारी पाठकको ८० वर्षको उमेरमा आफ्नै निवासमा भएको निधन प्रति मञ्चले एक विज्ञप्ती जारी गर्दै गहिरो दुःख व्यक्त गरेको छ।

मञ्चका महासचिव राजाराम पौडेलद्वारा हस्ताक्षरित विज्ञप्तीमा 'नेपाल खेलकुद पत्रकार मञ्च गण्डकीका पूर्व अध्यक्ष केशव पाठककी ममतामयी माता नैनकुमारी पाठकको ८० वर्षको उमेरमा भएको असामयिक निधन भएको दुःखद खबरले नेपाल खेलकुद मञ्च गण्डकी स्तब्ध र शोकमग्न भएको छ।' भनिएको छ। मञ्चले यस दुखद घडीमा दिवाङ्गत आत्माको चिरशान्तीको कामना गर्दै हार्दिक श्रद्धाञ्जली व्यक्त गरेको छ। साथै मञ्चले शोक सन्तप्त परिवारजनप्रति गहिरो समवेदन व्यक्त गरेको छ। उच्च रक्तचाप, मधुमेह लगायतका रोगबाट प्रभावित स्वर्गिय पाठकको आजनै अन्तिम संस्कार गरिएको पारिवारिक श्रोतले जनाएको छ। स्वर्गिय पाठकका श्रीमान, चार छोरा र २ छोरी रहेका छन्।

# आदर्श सहकारीको अध्ययन अवलोकन भ्रमण

**पोखरापत्र संवाददाता**
पोखरा, ४ फागुन

आदर्श बचत तथा ऋण सहकारी संस्था लि. पोखरा १३ आर्वाको अध्ययन अवलोकन भ्रमण २०७९ बिहीबारबाट शुरु भएको छ।

सहकारीले सामाजिक उत्तरदायित्व वहन स्वरुप सो कार्यक्रम गरेको अध्यक्ष राजेन्द्र प्रसाद बरालले जानकारी दिए। फागुन ४ गतेबाट शुरु भ्रमण फागुन ९ गते सम्पन्न हुनेछ। ६ दिने अध्ययन अवलोकन भ्रमण पोखराबाट शुरु भई ताप्लेजुङको पाथीभरा, ईलाम- कन्याम, धरान बुढासुब्बा, चतर I-वराहक्षेत्र,जनकपुरधाम सम्म हुने बताइएको छ।

भ्रमणमा सहकारीका शेयर सदस्यहरु करीव ६० जनाको सहभागिता रहेको जानकारी अध्यक्ष बरालले दिए।

अध्ययन अवलोकन भ्रमणले सहकारी प्रतिको विश्वास, अन्य स्थानका सहकारी सञ्चालन प्रक्रिया लगायतका बिषयमा शेयर सदस्यहरुलाई जानकारी गराउने उद्देश्यले आयोजना गरिएको पनि बताईएको छ।

# निसीखोलामा थपिँदै आठ झोलुङ्गे पुल

**पोखरापत्र संवाददाता**
बागलुङ, ४ फागुन

बागलुङको निसीखोला गाउँपालिकामा चालु आर्थिक वर्ष २०७९/८० मा आठ झोलुङ्गे पुल बन्दै छन्। अघिल्लो वर्ष मात्रै यहाँका विभिन्न खोलामा सात झोलुङ्गे पुल निर्माण गरिएका थिए।

सङ्घीय सरकारको ८७ तथा निसीखोलाको १३ प्रतिशत लगानीमा आठ पुल निर्माण गर्न लागिएको गाउँपालिकाका इन्जिनियर समुन्द्र शाहीले जानकारी दिनुभयो। उहाँ भन्नुहुन्छ, "आगामी असार मसान्तसम्म सबै पुल निर्माण सम्पन्न हुनेछन्।" वडा नं १ को सेलाखेतघाट र आठबारेघाट, वडा नं ७ को खनिबास-राजकुट कुँडुला जोड्ने, वडा नं ४ र ५ जोड्ने कारीखोला, वडा नं ५ को यारीखोला, वडा नं ६ मगरघाटखोला, वडा नं ३ को गतारेघाट तथा वडा नं २ र ३ जोड्ने गरी खग्रेनीघाटमा पुल निर्माण गरिँदै छ।

स्थानीय प्रेमबहादुर कुँवरले पुल नहुँदा स्थानीयले समस्या भोग्नुपरेको बताउनुभयो। पुल बनेपछि जोखिम मोलेर खोला वारपार गर्नुपर्ने बाध्यता अन्त्य हुने छ। "स्कूल पारी छ, खोला नतरेसम्म त्यहाँ पुग्न सकिन्न, केटाकेटीलाई स्कूल पठाउनै डर छ", उहाँले भन्नुभयो। अघिल्लो वर्ष निसीखोलाको-६ को सेबाङघाट, सरिटारघाट, चुसाङघाट र वडा नं ७ को कुतखोलाघाट, वडा नं ३ र ४ जोड्ने ढुवाँखोरघाट पुल, वडा नं १ को माराघाट तथा वडा नं २ धौलेघाटमा पुल निर्माण गरिएको थियो। रु दुई करोड पाँच लाखको लागतमा ती पुल निर्माण गरिएका गाउँपालिकाका सूचना अधिकारी पुरुषोत्तम गौतमले बताउनुभयो। यस वर्ष रु तीन करोड ६४ लाखको लागतमा आठ पुल निर्माण भइरहेका छन्।

# अलैँचीले उकासियो किसानको आर्थिक अवस्था

**पोखरापत्र संवाददाता**
लमजुङ, ४ फागुन

कालो सुनको रुपमा हेरिएको अलैँचीले यहाँका किसानको आर्थिक अवस्था उकासिएको छ। करिब ४५ वर्ष अघिदेखि अलैँची खेती विस्तार भएको लमजुङमा केही वर्षदेखि अलैँची खेतीले राम्रो आम्दानी दिन थालेपछि यहाँका अधिकांश किसानको आर्थिक अवस्था उकासिन थालेको हो।

अलैँचीबाट उकासिएकामध्ये एक हो हिमाली जिल्ला मनाङसँग सिमना जोडिएको लमजुङको उत्तरी भेग मर्स्याङ्दी गाउँपालिका-७ छिनखोलाका अजय तामाङ। उहाँको दिनचर्या अलैँची बारीमै बित्छ। कालो सुनका रूपमा हेरिने अलैँची खेती थालेपछि भने उहाँ आर्थिकरूपले सम्पन्न मात्र हुनुहुन्न रोजगारी दिलाउन सक्ने हैसियतमा पनि हुनुहुन्छ। अलैँची किसान तामाङ गाउँगाउँमा सुरु भएको अलैँची खेतीको लहरसँगै १५ वर्ष अघि परिवारसहित गाउँ फर्किनुभयो। एक रोपनी जग्गाबाट सुरु भएको अलैँची खेती यतिबेला ४० रोपनी क्षेत्रफलमा फैलिएको छ। सोही छिनखोलामा पाँच रोपनी र ताराचोक शेरामा ५० रोपनी क्षेत्रफलमा नेपालकै ठूलो अलैँची नर्सरी स्थापना भएसँगै उहाँले अलैँची बिरुवा पनि बेच्न थाल्नुभयो। उहाँका अनुसार अलैँची दाना र बिरुवा बिक्री गरी उहाँले वार्षिक रु १०/१५ लाख आम्दानी गर्दै आउनुभएको छ। उहाँ भन्नुहुन्छ, "विदेशमा वार्षिक तीन लाख जति कमाइ हुन्थ्यो तर अहिले परिवारको साथमा घरमा बसीबसी रु १० लाख बढीसम्म वार्षिक आम्दानी हुन्छ।" उहाँ नेपाल अलैँची व्यवसायी महासङ्घ लमजुङ शाखाका निर्वतमान अध्यक्ष तथा हाल गण्डकी प्रदेशको संयोजक समेत हुनुहुन्छ। उहाँले रोजगारीका लागि गाउँ छाड्ने र विदेशमा रहेका युवालाई गाउँ फर्किएर अलैँची खेती गर्दै जीवन परिवर्तन गर्न आग्रह गर्दै आउनुभएको छ।

त्यस्तै, सोही वडास्थित लुदीका सोमबहादुर तामाङ पनि एक सफल अलैँची किसान हुनुहुन्छ। उहाँले मलेसियामा १५ वर्ष श्रम बेच्नुभयो तर आर्थिक हैसियत उकासिएन। यतिबेला सोमबहादुरले ६० रोपनी क्षेत्रफलमा लगाएको अलैँचीबाट उहाँ घरमै बसेर वार्षिक रु चार/पाँच लाख आम्दानी गर्दै आउनुभएको छ। धान, मकैभन्दा अलैँची खेतीले राम्रो आम्दानी हुने गरेको र परिवारको गुजारा चलाउन सहज भएको उहाँको भनाइ छ। उहाँका अनुसार गाउँका स्थानीय अलैँची खेतीतर्फ आकर्षित भएर लुदीका ४२ घरधुरीले बारापोखरी कृषक समूह दर्ता गरी एक हजार पाँच सय रोपनीमा समेत अलैँची खेती सुरु गरेका छन्। पहिलो पटक यस वर्ष १० क्विन्टल अलैँची दानासमेत उत्पादन भएको उहाँले बताउनुभयो। कम मेहेनतमै राम्रो आम्दानी दिने भएकाले अलैँचीप्रति गाउँलेको ध्यान केन्द्रित हुन थालेका छन्। छिनखोलाका बलराम लामा पनि अजय र सोमबहादुर जस्तै विदेशबाट फर्किएर अलैँची खेती थाल्ने अर्का सफल कृषक हुनुहुन्छ। उहाँले पनि वार्षिक रु पाँच लाखभन्दा बढी आम्दानी अलैँची खेतीबाटै गर्दै आउनुभएको छ। अलैँची खेतीले स्थानीयको आर्थिक हैसियत मात्र होइन, भाग्य नै बदलिदिएको पछि जिल्लाका किसान पछिल्लो समयमा अलैँची खेतितर्फ आकर्षित हुँदै गएका छन्। जिल्लामा हाल एक हजार पाँच सय हेक्टर क्षेत्रफल जमिनमा अलैँची खेती हुँदै आए पनि एक हजार दुई सय हेक्टर क्षेत्रफलमा मात्र उत्पादन हुँदै आएको छ। जिल्लामा गत वर्ष ३५ मेट्रिक टन अलैँची दाना उत्पादन भएको थियो। गत वर्षको तुलनामा करिब ८५ प्रतिशत वृद्धि भएको अलैँची कृषकको अनुमान छ। जिल्लामा लगाइएको अलैँचीका दानाको माग उच्च रहँदै आएको छ। जिल्लामा उत्पादित अलैँचीका दाना भारत हुँदै विभिन्न देशमा पुग्ने गरेको छ। अलैँची व्यवसायमा जिल्लाका किसानको भविष्य राम्रो रहेको छ विगतमा धेरै राम्रो कम हुँदै गएको र सरकारले उचित व्यवस्था गर्नुपर्नेमा नेपाल अलैँची व्यवसायी महासङ्घ गण्डकी प्रदेश संयोजक तामाङले बताउनुभयो। जिल्लाका किसानले यस वर्ष अलैँची दाना प्रतिकिलो रु छ सयदेखि सात सयसम्म बिक्री गरेका छन्। मर्स्याङ्दी गाउँपालिका, बेँसीसहर नगरपालिका, क्व्होलासोथर गाउँपालिका, दोर्दी गाउँपालिका र दूधपोखरी गाउँपालिकामा जिल्लाको सबैभन्दा बढी अलैँची खेती हुने गरेको अलैँची किसानको भनाइ छ।

# नुवाकोटमा बस दुर्घटना : तीनको मृत्यु, २३ घाइते

**रासस**
काठमाडौं, ४ फागुन

नुवाकोटको विदुर नगरपालिका-१२ मा बिहीबार बस दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ। दुर्घटनामा २३ जना घाइते भएका छन्।

विदुर-४ बट्टारबाट नुवाकोटको तारकेश्वर गाउँपालिका-१ दाडसिंहतर्फ जाँदै गरेको बा२ख ८४५ नंको बस विदुर-१२ चैनपुरस्थित पिपलबोट भन्ने स्थानमा दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको नुवाकोट प्रहरी प्रमुख प्रहरी उपरीक्षक रमेश पण्डितले जानकारी दिनुभयो। उहाँका अनुसार दुई जनाको घटनास्थलमा र एक जनाको उपचारका क्रममा त्रिशुली अस्पतालमा मृत्यु भएको हो।

**नागरिक पारदर्शिताका लागि सार्वजनिक लेखा परीक्षण**

**पोखरा महानगरपालिका वडा नं. ६ गैरिखेत मार्ग कुलो पर्खाल निर्माण गर्दा निम्नानुसारको आम्दानी तथा खर्च भएको व्यहोरा सरोकारवालाहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।**

**योजनाको नामः गैरिखेत मार्ग कुलो पर्खाल निर्माण**
**स्थानः पोखरा-६ गैरिखेत**
**योजना सम्झौता मिति : २०७९/०९/२० गते**
**योजना सुरु भएको मिति : २०७९/०९/२२ गते**
**योजना सम्पन्न हुने मितिः २०७९/११/२० गते**
**योजना सम्पन्न मितिः २०७९/१०/ ०५**
**योजनाको कुल लागत : रु. ५,८८,२३५.२९/-**
**महानगरपालिकाबाट प्राप्त हुने रकम : रु. ५,००,०००।-**
**जन सहभागितावाट : रु. ८८,२३५.२९/-**
**उपभोक्ता समिति अध्यक्षः प्रदिप छिन्दाल**
**सम्पर्क नं.: ९८५६०८४७१९**

**गैरिखेत मार्ग कुलो पर्खाल निर्माण उपभोक्ता समिति**
**पोखरा-६, गैरीखेत**

# मनाङमा विद्यालय खुल्न थाले

–नवीन लामिछाने
मनाङ, ४ फागुन (रासस)

हिमाली जिल्ला मनाङमा विद्यालय खुल्न थालेका छन् । हिउँदे बिदा सकिएपछि फागुनको सुरुआतसँगै विद्यालय खुल्न थालेका हुन् ।

मनाङको तल्लो क्षेत्रमा विद्यालय खुलेका छन् भने माथिल्लो क्षेत्रमा फागुन १५ गतेदेखि खुल्ने शिक्षा विकास तथा समन्वय एकाइका प्रमुख मतिलाल चपाईंले जानकारी दिनुभयो । उहाँका अनुसार केही विद्यालयका विद्यार्थी तथा शिक्षक मङ्सिरको अन्तिम साता अर्धवार्षिक परीक्षा सकेर चिसो छल्न बैंसी झरेका थिए । यस वर्ष हिमपात नहुँदा विद्यालय अलि छिट्टै सञ्चालन गरिएको उहाँले बताउनुभयो । "यस वर्ष यहाँ हिमपात भएन, जसले गर्दा मनाङवासी छिट्टै फर्किए र अभिभावकसँगै बालबालिका आएपछि नियमित कक्षा सञ्चालन गरेका हौँ", प्रमुख चपाईंले भन्नुभयो ।

विगतका वर्षमा जिल्लामा मङ्सिरमा वार्षिक परीक्षा सकेर हिउँदमा चिसो छल्न बैंसी झर्ने प्रचलन थियो । गत वर्षदेखि अन्य जिल्लासँग पठनपाठनको समानताका लागि चैतमा वार्षिक परीक्षा गर्न थालिएको उहाँले बताउनुभयो । पुस र माघमा यहाँ बढी चिसो हुने भएकाले दुई महिना विद्यालय बन्द गर्नुपर्ने बाध्यता नै छ । फागुन १ गतेदेखि सदरमुकाम चामे र नासों गाउँपालिकाका विद्यालयमा नियमित पढाइ सञ्चालन भएको चपाईंले बताउनुभयो । उहाँका अनुसार जिल्लास्थित कार्यालयले विद्यालय खोल्न सूचना प्रकाशित गरे पनि अधिकांश विद्यालय फागुन १ गतेदेखि नियमितरुपमा सञ्चालन भएका छन् ।

माथिल्लो मनाङमा भने अझै विद्यालय खुलाउनसक्ने अवस्था नरहेको उहाँले बताउनुभयो । माथिल्लो मनाङमा बढी चिसो हुने हुँदा यस क्षेत्रका बासिन्दा जिल्ला नफर्किंदा केही ढिलो गरी कक्षा सञ्चालन हुने उहाँले बताउनुभयो । सदरमुकाम चामेस्थित लोकप्रिय माध्यमिक विद्यालय आवासीयरुपमा सञ्चालन भएको छ । हिमाली क्षेत्रमा विद्यालय टाढाटाढा हुँदा समस्या हुनाका साथै विद्यार्थीलाई जिल्लामा नै टिकाउन आवासीयरुपमा सञ्चालन गरिएको चामे गाउँपालिकाका अध्यक्ष लोकेन्द्रबहादुर घलेले बताउनुभयो । "विद्यार्थीलाई विद्यालय आवतजावतमा समस्या हुँदा विद्यार्थी घट्न थाले, जिल्ला बाहिर अभिभावकले बालबालिका राखेर पठनपाठन गराउनुपर्ने अवस्था सिर्जना हुँदा यस समस्याको समाधानका लागि आवासीय बनाएका हौँ, आवासीय बनाएपछि विद्यालयमा विद्यार्थी राम्रै छन्", अध्यक्ष घलेले भन्नुभयो । सङ्घीयता कायम भएपश्चात् चामेका पाँच विद्यालयलाई एकीकृत गरी आवासीय बनाइएको उहाँले बताउनुभयो । जिल्लाका लोकप्रिय माध्यमिक विद्यालय र तिमाङस्थित गौरीशङ्कर आधारभूत विद्यालयमा आवासीयरुपमा पठनपाठन भइरहेको छ । चिसो बढी भए पनि विद्यार्थीलाई वार्षिक परीक्षामा सकस हुन्छ भनेर पठनपाठन सुरु गरिएको गौरीशङ्कर आधारभूत विद्यालयका प्रधानाध्यापक कमलजङ्ग गुरुङले बताउनुभयो । त्यस्तै थोँचेको प्रकाशज्योति माध्यमिक विद्यालय र तालगाउँस्थित भानु माध्यमिक विद्यालयमा नियमितरुपमा पठनपाठन सुरु भएको छ । भानु माध्यमिक विद्यालयमा बाढीका कारण जोखिम बढ्दा विद्यार्थी घटेका नार्सो-१ का वडाध्यक्ष मिनर सी गुरुङले बताउनुभयो ।

"गत वर्ष विद्यालयमा बाढी पस्दा यहाँ विद्यार्थी घटेका छन्, बाढीको जोखिम भएपछि विद्यार्थी पढ्न बाहिरी जिल्लातर्फ गएको पाइएको छ", अध्यक्ष गुरुङले भन्नुभयो । जोखिम न्यूनीकरणका लागि तटबन्ध निर्माण गरिएको उहाँले बताउनुभयो । तालगाउँमा जोखिम न्यूनीकरणका लागि तटबन्ध निर्माण गरिएपछि यहाँका स्थानीयले आवास निर्माण तथा मर्मत गरेपछि बसोबास गर्न थालिएको उहाँले बताउनुभयो ।

यसवर्ष हिमपात नभए पनि चिसो बढी नै छ । फागुन लागे पनि चिसो अझै घटिसकेको छैन । यसले गर्दा माथिल्लो मनाङका विद्यार्थी, शिक्षक तथा कर्मचारी कार्यक्षेत्रमा पुग्न सकेका छैनन् । चिसोका कारण अधिकांश स्थानीय तहका कर्मचारी तथा जनप्रतिनिधिसमेत जिल्ला बाहिर नै छन् । माथिल्लो मनाङ क्षेत्रका शिक्षक, विद्यार्थी जिल्ला भित्रिने क्रम रहेका चपाईंले बताउनुभयो ।

माथिल्लो मनाङका बासिन्दा जिल्ला आउन ढिला गर्दा शिक्षक तथा कर्मचारीसमेत चैतमा मात्रै विद्यालय आउने गरेका स्थानीय बताउँछन् । विद्यार्थी र अभिभावकसँगै कर्मचारी तथा शिक्षक समयमै गाउँ आए सेवा दिनुपर्ने स्थानीयको भनाइ छ ।

# संरक्षण र प्रवर्द्धनका लागि भजन प्रतियोगिता

रासस
तनहुँ, ४ फागुन

हिन्दू धर्मावलम्बीको महत्वपूर्ण मानिने भजन लोप हुने अवस्थामा छ । विभिन्न पर्वमा गाइने कतिपय भजन लोपोन्मुख अवस्थामा पुगेको छ ।

भजन लोप हुन लागेकाले संरक्षण गर्न भजन प्रतियोगिता गर्न लागिएको छ । फागुन कृष्ण चतुर्दशीका दिन मनाइने महाशिवरात्रि पर्वका अवसरमा धार्मिकस्थल मुक्तिनाथ शुक्लागण्डकी च्यवनधाम गाछेपानीमा भजन प्रतियोगिता गरिने भएको हो । भजनको संरक्षण र प्रवर्द्धन गर्ने उद्देश्यले प्रतियोगिताको आयोजना गरिएको मन्दिर व्यवस्थापन समितिका अध्यक्ष अर्जुन लम्सालले जानकारी दिनुभयो । "भजनको संरक्षणका लागि प्रोत्साहन गर्ने लक्ष्यसहित प्रतियोगिता गर्न लागिएको हो", उहाँले भन्नुभयो । प्रतियोगितामा प्रथम हुनेलाई रु ५१ हजार, द्वितीय हुनेलाई रु ३६ हजार, तृतीय हुनेलाई रु २१ हजार र सान्त्वनालाई रु पाँच हजार एक सय तथा प्रमाणपत्र प्रदान गरिने लम्सालले बताउनुभयो । महाशिवरात्रि पर्वका अवसरमा सामूहिक व्रतबन्ध, अखण्ड दीप प्रज्वलन, शिवध्वनि पुजन र विविध धार्मिक अनुष्ठान कार्यक्रमसमेत गरिने आयोजकले जनाएको छ । साथै सोही दिन वरिष्ठ लोकदोहोरी तथा भजन गायक पुरुषोत्तम न्यौपाने र लोकदोहोरी गायिका शान्ति ढोटेलको साङ्गीतिक प्रस्तुति रहनेछ । धार्मिकस्थलका रुपमा विकास भएको च्यवनधाम परिसरमा एक सय आठ धारा, एक सय आठ शिवलिङ्ग, एक सय आठ वरपीपल, ज्ञान गुम्बा, मोक्ष कुण्ड, वासुकी नाग स्थानलगायतका संरचना रहेका छन् । शिवरात्रि, साउने सोमबार, हरितालिका तीज, श्रीकृष्ण जन्माष्टमीलगायतका पर्वमा यहाँ भक्तजनको आवागमन हुने गर्दछ । यहाँ मुक्तिनाथको शैलीमा मन्दिर निर्माण गरिएको छ ।

# एकै साथ छ वडा कार्यालय भवन निर्माण सुरु

पोखरापत्र संवाददाता
म्याग्दी, ४ फागुन

जलजला गाउँपालिकाले एकै साथ छ वटा वडा कार्यालय भवन निर्माण सुरु गरेको छ । सङ्घीय सरकारसँगको लागत साझेदारीमा वडा कार्यालयको भवन निर्माण सुरु भएको हो । वडा नं १, ४, ५, ६, ७ र ९ को भवन निर्माण सुरु भएको गाउँपालिकाका इञ्जिनियर सुनिल बानियाँले जानकारी दिनुभयो ।

"सबै भवन एक तला र चार कोठाका हुनेछन्", उहाँले भन्नुभयो, "चालु आर्थिक वर्षभित्रमै सम्पन्न गर्ने लक्ष्यसहित ठेक्कामार्फत काम सुरु भएको छ ।" बाँसखर्क, फट्केढुङ्गा, लेकफाँट, शालिजा, धाइरिङ र बनौमा वडा कार्यालय निर्माण हुन लागेको हो । कूल रु चार करोड ३३ लाख १७ हजार लागत अनुमान गरिएको भवन निर्माणका लागि जयलक्ष्मी-अभिनव जेभी बागलुङले रु तीन करोड २६ लाख सात हजार पाँच सय ५१ मा ठेक्का सम्झौता गरेको छ ।

विसं २०७९ पुस १२ गते ठेक्का सम्झौता भएको भवन निर्माणकार्य २०८० असार ३० मा सम्पन्न गर्ने लक्ष्य छ । गाउँपालिकाका कार्यबाहक अध्यक्ष दीपक आचार्यले निर्माण कम्पनीले निर्माणस्थलमा जग्गा सम्याएर संरचना बनाउन थालेको बताउनुभयो । "अघिल्लो वर्ष सुरु भएको वडा नं २ र ८ को कार्यालय भवन निर्माणकार्य पनि यसैवर्ष सकिँदैछ, वडा नं ३ को आफ्नै भवन छ," उहाँले भन्नुभयो, "छ वटा नयाँ भवन बनाएपछि हाम्रो पालिकाको नौ वटै वडा आफ्नै भवनबाट सञ्चालन हुनेछन् ।" हाल सामुदायिक भवन र निजी घर भाडामा लिएर वडा कार्यालय सञ्चालन गरिएको छ । नयाँ भवनमा वडाध्यक्ष, सचिव, जनप्रतिनिधिको कार्यकक्ष र सभाहल हुनेछन् । गत माघ ४ गते भएको १३औँ गाउँसभाले लामाखेतमा गाउँपालिकाको कार्यालय सञ्चालनका लागि अस्थायी संरचना बनाउन रु तीस लाख बजेट विनियोजन गरेको थियो । वडा नं ४ का अध्यक्ष भरत जिसीको अध्यक्षतामा बलबहादुर फगामी र टुङ्गनाथ शर्मा सदस्य रहेको जग्गा अध्ययनसमन्बन्धी कार्यदल गठन भएको छ । समितिको सिफारिस अनुसार अस्थायी संरचना बनाएर गाउँपालिकाको कार्यालय सञ्चालन गर्ने योजना रहेको छ । लामाखेतमा रहेको गाउँपालिकाको कार्यालय भाडाको घरबाट सञ्चालन भइरहेको छ ।

# पानीको स्रोत जोगाउन 'एक सामुदायिक वन, एक पोखरी' अभियान

रासस
बागलुङ, ४ फागुन

पानीको स्रोत सुक्न नदिन बागलुङमा 'एक सामुदायिक वन, एक पोखरी' कार्यक्रममार्फत ११ वटा पोखरी निर्माण गरिएको छ । गण्डकी प्रदेश सरकारको सहयोगमा डिभिजन वन कार्यालयले सामुदायिक वनसँग मिलेर पोखरी निर्माण गरेको हो ।

पानीको स्रोत संरक्षण, जङ्गलभन्दा तल्लो भूभागमा रहेका पानीका मुहानको 'रिचार्ज' गर्ने र जङ्गली जीवजन्तुलाई पानीको स्रोत उपलब्ध गराउने उद्देश्यले सामुदायिक वन उपभोक्ता समूहमार्फत एक सामुदायिक वन एक संरक्षण पोखरी निर्माण अभियान थालेको डिभिजन वन कार्यालय बागलुङका प्रमुख मुकुन्दप्रसाद अधिकारीले जानकारी दिनुभयो ।

पोखरी निर्माणले मानव र वन्यजन्तुबीचको द्वन्द्व न्यूनीकरण तथा वन्यजन्तुलाई खानेपानी सुविधाका लागि वनमै स्रोतको सुनिश्चितता हुने अधिकारीले बताउनुभयो । आर्थिक वर्ष २०७७/७८ मा पाँच र २०७८/७९ मा छ गरी कूल ११ वटा पानीपोखरी निर्माण सम्पन्न भएका छन् । चालु वर्षमा पनि छ पोखरीका योजना स्वीकृत भएका छन् । "कच्ची पोखरी निर्माणले पानीको सञ्चिती बढाउँछ, अग्ला पहाडमा बनेका पोखरीले तल्लो भूभागमा रहेका पानीका मुहानलाई सघाउँछन्", अधिकारीले भन्नुभयो, "बढ्दो जनसङ्ख्याको मागअनुसार खानेपानी पुऱ्याउन दीर्घकालीनरुपमा पोखरीले महत्व राख्छन् ।" कार्यालयले चालु आवमा जैमिनी, बागलुङ नगरपालिका, बरेङ, काठेखोला, निसीखोला, तमानखोला गाउँपालिका र गलकोट नगरपालिकामा एक/एक पोखरी निर्माणको योजना छ । सामुदायिक वनबाट प्रस्ताव प्राप्त भए पनि निर्माण नभएको कार्यालयले जनाएको छ ।

अभियानको पहिलो वर्ष रु पाँच लाख ६५ हजार लगानीमा बडिगाड-४ को ठूलो वन सामुदायिक वन, बागलुङ नगरपालिका-१० को हिरालाल पर्यटकीय सामुदायिक वन, तमानखोला-२ को रानीवन सामुदायिक वन, बरेङ-२ को चियापानी, बागलुङ नगरपालिका १३ र १४ को भुल्केमूल धैरेनी तथा ढोरपाटन नगरपालिका-४ को सिनका सामुदायिक वनमा पोखरा निर्माण गरिएको सहायक वन अधिकृत मदन कँडेलले जानकारी दिनुभयो । गत वर्ष पोखरी निर्माणका लागि प्राप्त १० लाखमध्ये आठ लाख ३० हजार लागतमा बरेङ-२ को पधेराडाँडा महिला, बागलुङ नगरपालिका-३ को रातमाटा, गलकोट नगरपालिका-७ को लाम्दारा, काठेखोला गाउँपालिका-५ को शिवधुरी र बागलुङ नगरपालिका-७ को तितौरे सामुदायिक वनमा पोखरी निर्माण गरिएको छ । कार्यालयले पोखरी निर्माणको लागि छनोटमा परेका प्रत्येक सामुदायिक वनलाई कार्यालयल एक लाख उपलब्ध गराउँदै आएको छ । कार्यालयले उपलब्ध गराउने रकमबाहेक थप १० प्रतिशत रकम उपभोक्ताको साझेदारीमा लगानी हुन्छ ।

सकेसम्म पानीको मुहान नजिकै पोखरी निर्माण गरिन्छ । मुहान नजिक पोखरी निर्माण गर्न अवस्था नभए पाइपमार्फत पानी लगेर पोखरीमा जम्मा गर्ने गरेको बडिगाड गाउँपालिका सब डिभिजन वन कार्यालय बडिगाडका प्रमुख दीपक श्रीसले जानकारी दिनुभयो । मुहान नजिक नभएको र पाइप खरिद गर्न बजेट अभाव भएको ठाउँमा आकासे पानी संरक्षण गरी पोखरीमा जम्मा गरिएको उहाँको भनाइ छ । वन क्षेत्रमा पानीको सतह सुक्दै जान थालेपछि वन्यजन्त सामुदायिक वन छाडेर पलायन हुने अवस्था आएपछि कार्यालयले पानी पोखरीको व्यवस्थापन गर्न थालेको हो । पानीको अभावमा सामुदायिक वनबाट लोप हुँदै गएका जीवजन्तु र चराचुरुङ्गी जोगाउन पोखरी निर्माणको अभियान सहयोग बन्ने अपेक्षा गरिएको छ ।

मानिसले आफ्नो प्रयोगका लागि मुहानमा सिमेन्ट प्रयोग गरी पक्की घेराबन्दी गर्ने तथा पाइपमार्फत सिधै ट्याङ्कीमा पानी पुऱ्याउँदा पानीको खोजीमा वन्यजन्तु बस्ती पस्दा मानिस र वन्यजन्तुबीच द्वन्द्व बढेको कार्यालय प्रमुख घिमिरेको भनाइ छ । वनमा पोखरी निर्माण भएपछि पानीको खोजीमा वन्यजन्तु बस्ती नपस्ने उहाँको भनाइ छ ।

# बगरको कर तिर्दै बगरफाँटवासी

पोखरापत्र संवाददाता
म्याग्दी, ४ फागुन

म्याग्दीको बेनीनगरपालिका-२ बगरफाँटका स्थानीयले २२ वर्षदेखि म्याग्दी नदी बगरको कर जिल्ला मालपोत कार्यालयलाई तिर्दै आएका छन् ।

विसं २०५७ देखि निरन्तर म्याग्दी नदीमा आएको बाढीले कटान गरेर बगाएको ३६ रोपनी जग्गाको स्थानीयवासीले अझैसम्म पनि कर तिर्दै आएका छन् । म्याग्दी नदीको कटानका कारण बगरफाँटको ३६ रोपनी जग्गा बगरमा परिणत भएको हो । बगरफाँटस्थित ढलेबगरको विराटो भन्ने ठाउँमा अहिले म्याग्दी नदी बगिरहेको छ । नदी बगेको ठाउँभन्दा पारिपट्टि बेनी नगरपालिका ६ को डम्मरासम्म फैलिएको विराटोको अहिले नामोनिसान नभए पनि जग्गाधनी पूर्जा कायमै रहेकोले हुँदै नभएको जग्गा र आफूले उपभोग गर्ने नमिल्ने ठाउँकोसमेत कर तिर्न बाध्य हुनुपरेको बेनी नगरपालिका- २ का ओमबहादुर थापाले बताउनुभयो ।

थापाका अनुसार स्थानीय हीराबहादुर घिमिरे, भक्तबहादुर घिमिरे, ओमबहादुर थापा, कृष्णबहादुर थापा लगायत आठ जना व्यक्तिले मालपोत कर तिर्दै आएका छन् । पहिला जग्गा (खेत,बारी र घर) भएको ठाउँमा अहिले म्याग्दी नदी बगेको र आफ्नो जग्गा भएको ठाउँ बेनी नगरपालिका- ६ डम्मरामा नदीको बगरमा परिणत भएको थापाले बताउनुभयो । "हाम्रो जग्गा अहिले डम्मरामा पर्छ, नदीको बगरमा परिणत भएको छ"थापाले भन्नुभयो "जग्गाधनी प्रमाणपूर्जामा हाम्रो नाममा छ, बर्सेनि मालपोत कर तिर्दै आएका छौँ, तर हाम्रै जग्गाको नदीजन्य पदार्थ हामीले प्रयोग गर्न पाउँदैनौँ, हामीमाथि अन्याय भएको छ ।"

विसं २०५७ मा म्याग्दी नदीमा आएको भीषण बाढीले जो जग्गा बगाएको थियो । त्यसयताका २१ वर्षसम्म जग्गाधनीले नियमितरुपमा मालपोत कर तिर्दै आएका जिल्ला मालपोत कार्यालय म्याग्दीले जनाएको छ । जिल्ला मालपोत कार्यालय म्याग्दीका प्रमुख कृष्णबहादुर कार्कीले जग्गा नभए पनि जग्गाधनी प्रमाणपत्रमा जग्गा कायमै रहेको देखिएकोले जग्गाधनीले कर तिर्दै आएका बताउनुभयो ।

स्थानीयवासीले सो जग्गालाई सार्वजनिक जग्गामा दर्तागरी मालपोत कर कट्टा गर्न आग्रह गरेका छन् ।

बगरफाँट गाउँ पहिरो र नदी कटानको जोखिममा पर्दै गएको छ । २०५७ सालदेखि म्याग्दी नदीले कटान गर्न सुरू गरेको बगरफाँटमा रहेका २०० घरधुरी वर्षाको समयमा गाउँको शिरानबाट खस्ने पहिरो र गाउँको पुछारमा म्याग्दी नदीको कटानबाट बर्सेनि त्रसित हुने गरेका छन् ।म्याग्दी नदीको कटान नियन्त्रणका लागि नदी किनारमा ग्याबिन जाली भर्ने गरिएको भए पनि वर्षामा ढुङ्गा र लेदोसहित उर्लिएर आउने बाढी नियन्त्रण हुन नसकेको स्थानीयवासीले बताएका छन् । "गाउँ जोखिममा छ, शिरानबाट खस्ने पहिरो र पुछारमा बग्ने नदीका कारण वर्षामा कहिल्यै ढुक्कसँग सुत्न सकिँदैन, कतिबेला के हुन्छ भन्ने त्रास रहिरहन्छ,"नदी कटानबाट गाउँलाई जोगाउन बर्सेनि तटबन्धको पहल गर्दै आउनुभएका स्थानीय समाजसेवी नारायण कार्कीले बताउनुभयो । म्याग्दी नदीको कटानका कारण बगरफाँटको एकसय ५० रोपनीभन्दा बढी खेतीयोग्य जमिन क्षय भइसकेको र नदी कटानको समस्या अझै बढ्दै गएको स्थानीय बुद्धिजीवी तथा म्याग्दी नदी कटान नियन्त्रण योजना उपभोक्ता समितिका अध्यक्षसमेत रहनुभएका कार्कीले जानकारी दिनुभयो ।

बेनी नगरपालिका-३ को तारोखेतबाट बगेर बगरफाँटको शिरानमा अवस्थित पहरो हुँदै आउने पहिरो नियन्त्रण सम्भव नभए पनि नदी कटान नियन्त्रण गर्न सके केही मात्रामा गाउँ सुरक्षित रहने उहाँको भनाइ छ । गाउँको शिरानमा रहेको विशाल पहिरो नियन्त्रणका लागि स्थानीय तहको प्रयासले मात्र नहुने भएकाले प्रदेश वा सङ्घबाटै ठूलो योजना आवश्यक पर्ने देखिएको छ । तर, समस्याको समाधान नभएकाले यसले सदरमुकाम बेनी बजारसमेत प्रभावित हुने अनुमान गरिएको छ ।

पहिरो र नदी कटानका कारण सुन्दरबस्ती र कृषि उपजका लागि उर्वर फाँट रहेको बगरफाँट साँघुरिँदै गएको छ । आप्रे र उडाइनो छहराको बीचबाट खस्ने पहिरोका कारण गाउँको शिरानमा रहेको जङ्गल र बस्ती मासिने खतरा बढेको छ । पहिरोले गाउँ कुरूप बन्दै गएको र पाँच घरपरिवार बसाइँ सरिसकेको स्थानीयवासी टेकबहादुर कार्कीले बताउनुभयो ।

# कफीका दाना बिक्री नभएपछि प्रशोधन गरिँदै

रासस
पर्वत, ४ फागुन

राम्रो मूल्य पाइने भएपछि पर्वतको एक कफी उत्पादक सहकारी संस्थाले आफैँ प्रशोधन गरी बजारमा धुलो कफी बिक्री गर्न सुरु गरेका छ ।

जिल्लामा उत्पादित कफीले राम्रो बजार पाउन नसकेपछि सहकारी आफैँले उत्पादन गरेर बिक्री सुरु गरेपछि किसानले समेत राम्रो मूल्य पाउन थालेका हुन् । पर्वतको अर्गानिक कफी सहकारी संस्था लिमिटेडले पर्वत कफी र धौलागिरि कफी ब्रान्डमा धुलो कफी बिक्री गर्न थालेको हो ।

कफीका दाना बिक्री गर्दा मूल्य पाउन नसकिने र कहिलेकाहीँ विदेशीले समेत कफीको गुणस्तर नभएको भन्दै फिर्ता पठाउँदा झन्झट हुन थालेपछि स्थानीय अर्गानिक कफीको प्रशोधन गरी धुलो बनाई बजारमा बिक्री गर्न थालेको हो ।

पर्वत जिल्लाको कफी देशकै उत्कृष्ट भएकाले युरोप, जापान र कोरियालगायतका देशमा निर्यात हुने गरेको थियो तर कहिलेकाहीँ गुणस्तरलगायतका बहानामा विदेशीले लिन आनाकानी गर्न थालेपछि आफैँले उत्पादन गर्न थालिएको सहकारी संस्थाका व्यवस्थापक भवानीप्रसाद शर्माले बताउनुभयो । "जिल्लाको उत्पादनलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय बजारमा पहिचान बनाउन धुलो कफी बिक्री गर्न थालिएको हो । कृषकले आफ्नो उत्पादन गरेको फ्रेस चेरी जिल्ला कफी सहकारी सङ्घले खरिद गर्ने र विदेश निर्यात गर्ने गरेको भए पनि विभिन्न झन्झट बेहोर्नुपर्ने भएकाले आफैँ धुलो बनाएर बेच्न सुरु गरेका हौँ", शर्माले भन्नुभयो । धुलो बनाएर बेच्दा स्थानीय बजारका साथै विभिन्न मेला महोत्सवमा समेत जिल्लाको कफीको प्रचार हुने भएकाले यसरी बेच्न सुरु गरिएको शर्माले बताउनुभयो ।

उहाँका अनुसार अहिले जिल्लाको कफी पोखरा काठमाडौँका तारे होटल तथा क्याफेले खरिद गर्दै आएका छन् भने पोखरा, बागलुङ र पर्वतका सौगात गृहमा समेत राम्रो बिक्री हुने गरेको जानकारी दिनुभयो । पर्वतमा बर्सेनि २० मेट्रिक टनभन्दा बढी कफी उत्पादन हुने गरेको छ ।

कृषकले उत्पादन गरेको कफी फ्रेस चेरी तथा 'पार्चमेन्ट' जिल्ला कफी सहकारीले खरिद गरेर विभिन्न निर्यात गर्ने कम्पनीलाई बिक्री गर्दै आएको छ ।

यसबाट जिल्लामा प्रत्येक वर्ष रु एक करोडभन्दा बढी भित्रिने गरेको छ । यस जिल्लाका विभिन्न ठाउँमा उत्पादन हुने कफी केही वर्षअघिसम्म त्यतिकै खेर जाने गरेको थियो । अहिले जिल्लाका सबै स्थानीय तहका साथै बागलुङ र म्याग्दीमा उत्पादित कफी स्थानीय बजारका साथै विदेशी बजारमा समेत निर्यात हुन थालेसँगै कृषकले राम्रो मूल्यसमेत पाएका छन् । सहकारीका अनुसार गत वर्षमात्रै १७ टन कफी निर्यात भएको थियो । अहिले जिल्लाका ३५ वडामा कफी खेती हुँदै आएको छ ।